म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१३ अङ्क:- ४६ २०७९ पुस १९ गते मंगलबार 3 January 2023, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

Icy Iconic parlor

opening discount 10% OFF Discount



बबल टि, बरफ, बर्फी, केकलगायत विभिन्न फ्लेभरमा क्रिम बेलको आईसक्रिम उपलब्ध छ ।

हेटौंडा-४, स्कुलरोड

प्रोप्राईटरः क्रिजेश जोशी/दीपक गौतम
सम्पर्क नम्बर : ९८४५९०३४०७

### बागमती प्रदेशसभाको दोस्रो कार्यकालको अधिवेशन सुरु

# पहिलो बैठकमा ५ वटा अध्यादेश पेश

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभाको दोस्रो कार्यकालको पहिलो बैठक सोमबार बसेको छ। बैठकमा राजनीतिक दलको तर्फबाट सभामा प्रतिनिधित्व गर्ने प्रदेशसभा सदस्यहरुले अधिवेशन सफलताको शुभकामना दिएका छन् । यस्तै, पहिलो बैठकमा ५ वटा अध्यादेश सभामा पेश भएको छ ।

प्रदेशसभाको पहिलो बैठकमा नेकपा एमालेको तर्फबाट जगन्नाथ थपलिया, नेपाली कांग्रेसको तर्फबाट बहादुर सिंह लामा, नेकपा माओवादी केन्द्रको तर्फबाट शालिकराम जमकट्टेल, राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट उद्धव थापा, हाम्रो नेपाली पार्टीको तर्फबाट शैलेन्द्रमान बज्राचार्य, नेकपा एकीकृत समाजवादीको तर्फबाट कृष्णप्रसाद शर्मा खनाल र नेपाल मजदुर किसान पार्टीको तर्फबाट सिर्जना सैजुले अधिवेशन सफलताको शुभकामना दिनुभएको छ ।

प्रदेशसभा सदस्यहरुले सहकार्य गरेर इमान्दार भएर काम गर्ने प्रतिबद्धता जनाएका छन् । प्रदेशबासीहरुले विकास र समृद्धि चाहेको भन्दै सांसदहरुले आपसी समझदारीमा काम गर्ने बताएका छन् ।

प्रदेशसभाको अधिवेशन सफलताको शुभकामना दिँदै प्रदेशसभा सदस्य शालिकराम जमकट्टेलले बागमती प्रदेश देशको राजधानीसहित स्रोत साधन, जनसंख्या र भौगोलिक विशेषताको हिसाबले अत्यन्तै महत्वपूर्ण प्रदेश भएको स्पष्ट पार्नुभयो । उहाँले प्रदेशबासीका धेरै आशा अपेक्षाहरु रहेको भन्दै विकास र समृद्धिको चाहना प्रदेशबासीहरुले व्यक्त गरिरहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, 'अघिल्लो ५ वर्षको कार्यकाल पूरा हुँदै गर्दा सांसदहरुले गरेको कामको विषयमा सबैले चासोले हेरेका छन् । पहिलो कार्यकाल सफलतापूर्वक सम्पन्न भयो । अब दोस्रो कार्यकालको पहिलो अधिवेशन प्रारम्भ भएको छ ।' राजनीतिक स्थायित्व नभई मुलुकमा शान्ति र विकास हुँदैन भन्दै उहाँले राजनीतिक स्थायित्वका लागि प्रदेशका सांसदहरुले आफ्नो भूमिका खेल्नुपर्ने धारणा राख्नुभयो । प्रदेशको नयाँ संरचना भएकाले स्वभाविक ढंगले थुप्रै कठिनाईहरु प्रदेश सरकारसँग रहेको भन्दै उहाँले संघीय सरकारसँग आवश्यक तालमेल र समन्वय गर्दै कतिपय पहिलो कार्यकालमा निर्माण नभएका कानुनहरु छिटो निर्माण गर्नुपर्ने बताउनुभयो । प्रदेशबासीको हितका निम्ति र समग्र विकासका निम्ति सबै एकताबद्ध भएर उभिनुपर्नेमा उहाँको जोड छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट उद्धव थापाले संविधान निर्माणदेखि नै राप्रपाले फरक मत जाहेर गरिरहेको स्मरण गराउँदै गणतन्त्रको विपक्षमा भोट हालेको पार्टीको प्रतिनिधि गरिरहेको बताउनुभयो । धर्मनिरपेक्ष होइन तर सबै धर्मको पूर्ण धार्मिक स्वतन्त्रतासहितको वैद्धिक सनातन हिन्दू राष्ट्र आवश्यक छ भनेर आवाज उठाउँदै आएको उहाँले जानकारी दिनुभयो। प्रदेशसभामा शुभकामना मन्तव्य दिँदै उहाँले संघीयताले देश अलमलमा पारेको आरोप लगाउनुभयो । उहाँले भन्नुभयो, 'हामीले सडकमा आन्दोलन गर्‍यौं, विपक्षमा भोट हाल्यौं । तर, अन्यको बुझाईमा सरकारमा आउन सक्दैन, त्यसैले बिराध गरेको भन्ने आरोप आयो। जनतालाई चित्त बुझाएर सडकबाट नभएर संघीयता खारेज गर्न संसदमा नै लड्ने भनेर प्रदेशमा आएका छौं ।' उहाँले थप्नुभयो, 'हाम्रो पार्टीको केही शर्तहरु छन्, त्यो मिल्यो भने संघ र प्रदेशमा पनि हाम्रो पार्टी सरकारमा जानसक्ने सम्भावना छ। पार्टीले भ्रष्टाचारको बिरुद्धमा आवाज उठाउँछ ।' राप्रपाले सहकार्य गरेर काम गर्न तयार रहेको भन्दै प्रदेशमा पनि गलत कामको खबरदारी गर्न तयार रहेको स्पष्ट पार्नुभयो ।

यस्तै, पहिलो बैठकले सभामुख र उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न ५ जनालाई मनोनयन गरेको छ । प्रदेशसभा सदस्यहरु उर्मिला नेपाल, भारती पाठक, ठाकुरप्रसाद ढकाल, लक्ष्मी घिमिरे र राजेन्द्रमान श्रेष्ठलाई मनोनयन गरेको छ । त्यस्तै, बैठकमा ५ वटा अध्यादेश पेश गरिएको छ। मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेको तर्फबाट आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णप्रसाद शर्मा खनालले प्रदेश निजामति सेवाको गठन, सञ्चालन र सेवाको सर्तहरु सम्बन्ध व्यवस्था गर्न बनेको अध्यादेश र स्थानीय तहको सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश सभामा पेश गर्नुभएको छ । त्यसैगरी, स्वास्थ्य मन्त्री निमा लामाको तर्फबाट संस्कृति तथा पर्यटन मन्त्री दीपेन्द्र श्रेष्ठले प्रदेश स्वास्थ्य सेवा ऐन २०७७ लाई संशोधन गर्न बनेको अध्यादेश र कृषि तथा पशुपछी विकास मन्त्री बसुन्धरा हुमागाईले प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश सभामा पेश गर्नुभएको छ ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री मिलनबाबु श्रेष्ठले प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश सभामा पेश गर्नुभएको छ ।

यस्तै, बैठकले सभामुखको निर्वाचनका लागि आगामी पुस २९ गते बिहान ११ बजे समय तोकेको छ भने निर्वाचनको तयारीका लागि प्रदेशसभा सचिवालयका सचिव कृष्णहरि पाण्डेलाई सभामुखको निर्वाचन सूचना सार्वजनिक गर्ने जिम्मेवारी दिइएको छ। पुस २९ गते ११ बजे बैठक बस्ने गरी प्रदेशसभाको सोमबार बसेको पहिलो बैठक स्थगित गरिएको छ । पहिलो बैठकको अध्यक्षता प्रदेशसभाका जेष्ठ सदस्य रामप्रसाद ढुंगानाले गर्नुभएको थियो ।

# हटियामा प्रहरी अस्पताल तथा विधिविज्ञान प्रयोगशाला बन्ने



*सोमबार बागमती प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक किरण बज्राचार्य र मालपोत कार्यालय मकवानपुरका प्रमुख ओम बहादुर अधिकारीबीच जग्गा प्राप्तिसम्बन्धी सम्झौतापत्र आदानप्रदान गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले हेटौंडा-१७, हटियामा प्रादेशिक प्रहरी अस्पताल तथा विधिविज्ञान प्रयोगशाला निर्माण गर्ने भएको छ । प्रहरी अस्पताल निर्माणका लागि प्रदेश प्रहरी कार्यालयले ४ विगाहा जग्गा प्राप्त गरेको छ ।

२५ सैय्याको अस्पताल निर्माण गरी कार्यरत तथा पूर्वप्रहरी कर्मचारी तथा उनीहरुको परिवारको उपचार सेवा प्रदान गरिने जानकारी दिनुहुँदै विधिविज्ञान प्रयोगशाला समेत निर्माण गरी अपराध अनुसन्धानमा सहयोग पुग्ने बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाकी प्रमुख प्रहरी नायव महानिरीक्षक किरण बज्राचार्यले विश्वास व्यक्त गर्नुभएको छ ।

संघीय सरकारको मन्त्रिपरिषद्को २०७८ साल फागुन ५ गतेको निर्णयअनुसार हेटौंडा-१७, हटियास्थित ४ विगाहा जग्गा ३० वर्षका लागि भोगाधिकार रहने गरी सोमबार मालपोत कार्यालय मकवानपुरले प्रदेश प्रहरी कार्यालयलाई हस्तान्तरण गरेको छ। सोमबार बागमती प्रदेश प्रहरी प्रमुख बज्राचार्य र मालपोत कार्यालय मकवानपुरका प्रमुख ओम बहादुर अधिकारीबीच जग्गा प्राप्तिसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ ।

अस्पताल तथा प्रयोगशाला निर्माणका लागि जमिनको भोगाधिकार प्राप्त भएसँगै भौतिक संरचना निर्माण गरी छिटोभन्दा छिटो अस्पताल सञ्चालनका लागि संघीय सरकार, प्रदेश सरकारसँग बजेट विनियोजनका लागि पहल गरिने प्रहरी प्रमुख बज्राचार्यले बताउनुभएको छ। २५ सैय्याको अस्पताल निर्माण गरी अस्पतालको पूर्वाधार तयार पार्न विस्तृत परियोजना प्रस्ताव तयार पारिएको उल्लेख गर्नुहुँदै प्रहरी प्रमुख बज्राचार्यले भन्नुभयो, "अस्पतालको भौतिक संरचना निर्माण गर्न २५ करोड रुपैयाँ आवश्यक पर्ने अनुमान गरिएको छ।" प्रस्तावित अस्पताल निर्माण हुँदा यो नेपाल प्रहरीको प्रादेशिक अस्पताल तथा विधिविज्ञान प्रयोगशाला पहिलो हुने उहाँले स्पष्ट पार्नुभएको छ । विधिविज्ञान प्रयोगशालाको अभावमा अहिले प्रदेशका सबै जिल्लाबाट अपराध अनुसन्धानको क्रममा प्रयोगशाला परीक्षण गर्नुपर्ने कामका लागि काठमाडौंमै निर्भर रहनुपर्ने बाध्यता रहेको छ। विधिविज्ञान प्रयोगशाला यहाँ स्थापना हुँदा प्रदेशका १० वटै जिल्लाको नमूना यहीँ परीक्षण गर्न सकिने अपेक्षा प्रदेश प्रहरी कार्यालयको छ ।

# सभापति न्यौपानेलाई कारवाही

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय स्वतन्त्र पार्टी मकवानपुरका सभापति राजकुमार न्यौपानेलाई पार्टी केन्द्रले कारवाही गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय समितिका महामन्त्री एवम् प्रवक्ता डा. मुकुल ढकालले आइतबार राजकुमार न्यौपानेलाई निर्देशनात्मक पत्र लेखेर पार्टीको जिल्ला सभापतिको रुपमा काम नगर्न निर्देशन दिएको छ ।

मंसिर ४ मा सम्पन्न निर्वाचनमा न्यौपानेको क्रियाकलाप र आचरणको विषयमा पार्टीको जिल्लास्थित विभिन्न तहका पदाधिकारीको गुनासो, उजुरी तथा कारवाहीको मागका आधारमा आवश्यक छानविन, अनुसन्धान गरी अन्तिम निर्क्योल नभएसम्म पदीय हैसियतले कुनै गतिविधि, कार्यमा संलग्न नहुन भनिएको छ ।

# पैदलयात्री बालकको मृत्यु

समाज संवाददाता

हेटौंडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत मकवानपुरको मनहरी गाउँपालिकामा भारतीय कारको ठक्करबाट पैदलयात्री बालकको मृत्यु भएको छ ।

गत शुक्रबार हेटौंडाबाट चितवनतर्फ जाँदै गरेको बीआर ०१ एफभी २८१९ नम्बरको भारतीय कारको ठक्करबाट गम्भीर घाइते भएका मनहरीका १० वर्षीय बालक राजेश परियारको उपचारको क्रममा आइतबार साँझ साढे ८ बजेको समयमा मृत्यु भएको हो । बालकको चितवन जिल्लाको भरतपुरस्थित पुरानो मेडिकल कलेजमा उपचारको क्रममा मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालयले जनाएको छ। बालकलाई ठक्कर दिने कार र चालक भारतको विहार राज्यको पूर्वी चम्पारणका २९ वर्षीय अगिलेश कुमार प्रहरीको नियन्त्रणमा रहेको छ ।

# उपमहानगरद्वारा दुई बालिकाको उद्दार

समाज संवाददाता

हेटौंडाः प्लास्टिकका भाँडा विक्री गर्दै हिँडेका दुई बालिकालाई हेटौंडा उपमहानगरपालिकाले सोमबार उद्दार गरेको छ। सोमबार बिहान साढे ९ बजेको समयमा हेटौंडा-५, सानोपोखराचोकमा प्लास्टिकका भाँडा विक्री गर्न हिँडेका १० र १३ वर्षका दुई बालिकालाई उपमहानगर पालिकाले उद्दार गरेको हो ।

हेटौंडा उपमहानगरपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक महाशाखाकी प्रमुख विष्णुकुमारी लामिछानेले नै दुई बालिकालाई श्रममा सहभागी भएको देख्नुभएपछि उद्दारको प्रयास गरिएको हो । सिविन बालहेल्पलाइन हेटौंडाको सहयोगमा हेटौंडा उपमहानगरपालिकाले दुई बालिकालाई उद्दार गरेको हो । उद्दार गरिएका बालिकालाई आवश्यक परामर्श गरी अभिभावकको जिम्मा लगाइएको सिविन बालहेल्पलाइन हेटौंडाका प्रमुख झविन्द्र ज्ञवालीले जानकारी दिनुभएको छ ।

उद्दार गरिएका बालिकाका अभिभावकलाई आवश्यक परामर्श गरी उनीहरुलाई श्रममा नलगाई सम्भव भएसम्म विद्यालय पठाउन आग्रह गरिएको र आज मंगलबार थप छलफल गरिने ज्ञवालीले बताउनुभएको छ। उद्दार गरिएका दुई बालिकालाई सिविन बालहेल्पलाइनको कार्यालयमै राखेर परामर्श गर्नुका साथै आइतबार साँझ दुबै बालिकाको आमा र दाईलाई आवश्यक परामर्श गरिएको थियो ।

भारतको उत्तरप्रदेशका नागरिक हेटौंडा-९, लामसुरेमा डेरा गरी बस्ने गरेको र गाउँ-बस्ती डुलेर प्लास्टिकका भाँडा बिक्री गर्ने गरेको र अभिभावककै योजनामा बालिकाहरु पनि प्लास्टिकका भाँडाको व्यापारमा व्यस्त रहने गरेको पाइएको झविन्द्र ज्ञवालीले जानकारी दिनुभयो । हेटौंडा उपमहानगरपालिका बालमैत्री पालिका घोषणा गर्ने तयारी भइरहेका बेला श्रममा रहेका बालिकाको उद्दार गरिएको हो ।



# सम्पादकीय

## व्याजदर र व्यवसायीको आन्दोलन

करिब एक वर्षदेखि मुलुकको अर्थतन्त्र सन्तोषजनक छैन । अर्थतन्त्रका अधिकांश सूचकहरु नकारात्मक र कमजोर बनिरहँदा आम नेपालीमा निराशा बढेको छ । आर्थतन्त्रमा देखिएको असहज अवस्थाबाट सरकारलाई पनि असर परिरहेको छ । यसको सबैभन्दा बढी असर निजी क्षेत्रका व्यवसायीमा परेको छ । अथतन्त्रमा देखिएको संकटका कारण सरकारसँगै निजी क्षेत्र पनि असहज अवस्थाबाट गुज्रिरहेको छ । राजस्व संकलनको कमजोर अवस्थाले सरकार खर्च धान्न नसक्ने अवस्थामा पुग्ने सम्भावना छ भने व्यवसायीहरु बैंकको ऋणको सावाँ, ब्याज भुक्तानी गर्न नसकी घरखेत गुमाउनुपर्ने अवस्थामा पुग्ने सम्भावना बढेको छ । बैंकले प्रदान गरेको ऋणमा बैंकले चर्को ब्याज असुल गरिरहँदा त्यसको असर अर्थतन्त्रका सबै क्षेत्रमा देखिएका छन् । तरलतामा सुधान नआएसम्म बैंकले ब्याजदर घटाउने सम्भावना नदेखिएपछि व्यवसायी आन्दोलित नै बनेका छन् ।

आइतबार हेटौंडामा व्यवसायीले बैंकको ब्याजदर एकल अंकमा कामय गर्नुपर्ने माग गर्दै ज्ञापनपत्र बुझाएका छन् । यसअघि पनि चर्को बैंक ब्याजदरविरुद्ध बिरोध गर्दै आएका व्यवसायीले संघीय सरकारका अर्थमन्त्री र नेपाल राष्ट्र बैंकका गभर्नरलाई ज्ञापनपत्र बुझाएका हुन् । जिल्ला प्रशासन कार्यालय मकवानपुरमार्फत् व्यवसायीले ज्ञापनपत्र बुझाएका छन् । देशको अर्थतन्त्र असहज अवस्थामा रहेको भन्दै मकवानपुरका व्यावसायिक संगठनहरुले पत्रकार सम्मेलन गरी आफ्ना आन्दोलनका कार्यक्रमसमेत सार्वजनिक गरेका छन् । सोमबार व्यावसायिक संस्थाको कार्यालयमा कालो व्यानर राखेर बिरोध गर्ने, मंगलबार उद्योगी, व्यवसायीले कालो पट्टी बाँधेर बिरोध जनाउने र पुस २० गतेसम्म पनि व्यवसायीका माग सम्बोधन नभए चरणबद्ध आन्दोलनको तयारी गर्ने कार्यक्रम तय भएको छ । पत्रकार सम्मेलनपश्चात् व्यवसायीको समूह हेटौंडा बजार क्षेत्रमा र्‍यालीसहित जिल्ला प्रशासन कार्यालय पुगेको थियो । उनीहरुले कालो व्यानरमा चर्को ब्याजदरको बिरोध गर्नुका साथै प्लेकार्ड प्रदर्शन गरेका थिए ।


मकवानपुर उद्योग वाणिज्य संघको अगुवाईमा उद्योग संघ मकवानपुर, नारायणी यातायात व्यवसायी संघ, निर्माण व्यवसायी संघ, होटल एसोसिएसनसहित मकवानपुर उद्योग वाणिज्य संघअन्तर्गतका वस्तुगत संघसमेतले संयुक्तरुपमा ज्ञापनपत्र बुझाएको हो । व्यवसायीले अर्थतन्त्र सामान्य अवस्थामा नफर्किएसम्म चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन–२०७९ कार्यान्वयन नगर्न र पुँजीगत खर्च बढाई बजारमा तरलता प्रवाह गर्न सरकारसँग माग गरेका छन् । रुस–युक्रेन युद्धबाट सिर्जित विश्वव्यापी आर्थिक प्रभावका कारण आयातमुखी नेपालको अर्थतन्त्र संकटग्रस्त बन्न थालेको हो । कोभिड–१९ का कारण धराशायी बनिरहेको अर्थतन्त्रलाई रुस–युक्रेन युद्धको विश्वव्यापी प्रभावले थप बल पुर्‍यायो । यसैबीच विश्वव्यापीरुपमा पेट्रोलियम पदार्थको अत्यधिक मूल्यवृद्धि भयो । अमेरिकी डलरको तुलनामा नेपाली मुद्रा अवमूल्यन हुँदा पनि अर्थतन्त्रमा असर परेको छ । विदेशी मुद्रा आर्जन र सञ्चिति कम हुँदा आयात धान्न मुस्किल पर्ने अवस्था आएपछि सरकारले केही बिलासी वस्तुको आयातमा प्रतिबन्ध लगायो, जसबाट व्यावसायिक क्षेत्रमा थप असर पुगेको थियो ।

आयातमा निर्भर नेपालको अर्थतन्त्रलाई तरलता अभाव तथा ब्याजदर वृद्धिले संकटग्रस्त बनाएको हो । बैंकहरुमा लगानीयोग्य रकम अभाव भएपछि चर्को ब्याजदरमा निक्षेप संकलन गर्न बाध्य बनेका बैंकहरुले सोहीअनुसार कर्जाको ब्याज पनि बढाएका हुन् । बैंकमा तरलताको अवस्था सहज नभइसकेको अवस्थामा ब्याजदर घटाउन सरकार वा राष्ट्र बैंकले नै नीतिगत व्यवस्था गर्नु आवश्यक छ । हेटौंडामा मात्र नभई बैंकको चर्को ब्याजदरविरुद्ध अन्य जिल्लाहरुमा पनि व्यवसायीले आन्दोलन गरिरहेका छन् । सरकारले पुँजीगत खर्च बढाउन नसक्दा तरलता अभाव बढेको छ भने त्यसको असर ब्याजदरमा परेको देखिन्छ । नेपाली अर्थतन्त्रमा आयात नियन्त्रण, निर्यात प्रवर्द्धन, विदेशी मुद्रा सञ्चिति वृद्धि र तरलता व्यवस्थापन नहुञ्जेलसम्म व्यवसायीलाई टिकाइराख्न ब्याजदर कटौती गर्न सरकार र राष्ट्र बैंक सकारात्मक बन्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा–८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : सम्मान र प्रतिष्ठा बढ्ने समयको योग देखिन्छ ।
**वृष** : हाँके ताकेका काममा सफलता प्राप्त हुने योग छ ।
**मिथुन** : आफ्नो प्रभुत्व कायम हुने समयको योग रहेको छ ।
**कर्कट** : व्यापार– व्यवसायमा स्तरोन्नती होला ।
**सिंह** : मनोरञ्जनले लेखाइ र पढाइमा आघात पर्ला ।
**कन्या** : आत्मबल र उत्साहमा वृद्धि हुने समय योग छ ।
**तुला** : जालझेल र ठगीबाट बच्दा बचाउँदा राम्रो होला ।
**वृश्चिक** : चिताएको कामहरु सम्पादन हुने समयको योग छ ।
**धनु** : वैभव र मान सम्मान बटुलिने समयको योग छ ।
**मकर** : व्यापार–व्यवसायका काममा स्तरोन्नति होला ।
**कुम्भ** : कार्यक्षेत्रमा बोली र कामको कदर समय छ ।
**मीन** : वनभोज र भोजभतेरमा सरिक भइने समय छ ।

# गृहमन्त्रीज्यू, सोविताका संगीहरू कहिले सिंहदरबार प्रवेश गर्लान् ?



अर्जुन अपवाद

गृहमन्त्री रवि लामिछाने जी, नमस्कार ! गृहमन्त्री हुनुभएकोमा बधाई साथै केही आशा र अपेक्षासहित यो पत्र लेखेको छु । आशा छ पत्रमा उल्लेख भएका विषय सुधारमा ठोस पहल गर्नुहुनेछ ।

मतगणना हुँदै गर्दा पत्र लेखुँ कि भन्ने लागेथ्यो । चुनावी नतिजा आएपछि यो अति जरुरी छ भन्ने भो । गृहमन्त्री नै भएपछि त ढिला गर्नुहुन्न भन्ने लाग्यो । तपाईंलाई पत्र लेख्नुभन्दा अघि नै के सम्बोधन गर्ने भन्ने लाग्यो ।

कमरेड शब्दमा रमाउने कम्युनिस्टहरु अहिले 'बा'तिर लागेका छन् । अर्को कमरेड भन्ने शब्दको ठेक्का लिएको दावी गर्ने पार्टीमा पनि आजकाल कमरेड शब्द धेरै सुनिने गर्दैन । कांग्रेस दाइ भन्नमै र माइरहेको छ । उसले पनि आफ्नो सिद्धान्त सबै बिर्सिसकेको छ ।

कांग्रेस र एमालेले २०५५–५६ सालतिर नै सत्ता नै सबैथोक हो, बाँकी भ्रम हो भन्ने निष्कर्षलाई व्यवहारमा उतार्न थालेका हुन् । हामी जनताका पक्षमा काम गर्ने हौं भनेर जनविद्रोह नै चलाएको माओवादी सत्तामा जान जेसुकै गर्ने अवस्थामा पुगेको छ । त्यही भएर मैले तपाईंलाई 'जी' भनेर सम्बोधन गर्नु उपयुक्त हुने निष्कर्ष निकालें ।

नेपालको राजनीतिमा असम्भव भन्ने कुरा हुन्न । यो धेरै अनुमान योग्य पनि छैन । त्यसैमध्येको एउटा घटना भने वर्ष दिन नबित्दै राष्ट्रिय स्वतन्त्र पार्टीले देशभरबाट राम्रो मत प्राप्त गर्‍यो । १ सिट जित्दैन भनेर सोचिरहेका परम्परागत दलका नेतालाई जिल् खुवाउँदै प्रत्यक्षमा ७ सिट जित्यो ।

समानुपातिकमा ११ लाख ३० हजार ३४४ मतसहित १३ सिट प्राप्त गरेर २० सांसद प्रतिनिधिसभामा पुर्‍याउँदै चौथो ठूलो पार्टी बन्यो । २७ वर्षकै मानिसलाई राजनीतिमा आकर्षण मात्रै गरेन प्रतिनिधिसभामै पुर्‍यायो ।

राजनीति कतिपय अवस्थामा अनुमान बाहिर हुन्छ । पार्टी दर्ता भएको कम समयमै देशभर गज्जबको उपस्थिति जनाउन सक्नु मेरा लागि अनुमान बाहिरको विषय थियो । अझै तपाईं उपप्रधानमन्त्रीसहित गृहमन्त्री भएपछि म चकित परेको छु ।

यसले म जस्तो राजनीतिलाई नजिकैबाट नियाल्ने तर सहभागी हुन अस्वीकार गर्नेलाई लोभ्याएको छ । राजनीतिमा अब यति वर्ष जेल बसेको, यति वर्ष संगठित सदस्यता भएको, बन्दुक बोकेको, भूमिगत भएको, युद्ध लडेको लगायतका भाष्य नभए पनि चुनाव जित्न सकिन्छ भनेर पुष्टि भएको छ ।

तर यहाँनेर तपाईं गृहमन्त्री बन्नुभएकोले मैले भन्नुपर्ने कुरा अर्कै छ। त्यो हो मेरोमा पनि चुनावले उत्साह ल्याउन पर्छ । आतंक होइन । अरुतिर चुनाव उत्साह बोकेर आउँछ । यसले उमंग ल्याउँछ । मतदाता मताधिकार प्रयोग कसरी गर्ने भनेर छलफल गर्छन् । दलका नेता कार्यकर्ता किन हाम्रो दल छान्नु जरुरी छ भनेर मतदाता मनाउन लाग्छन् ।

मतदाताले निर्भीक बन्दै सोचेर बुझेर आफ्नो मत प्रदान गर्न पाउँछ । जित्ने जिम्मेवारीबोधले गम्भीर बन्छ । हार्ने आफैंमा कतै कमजोरी भएको थियो भन्ठान्छ । अर्को पटक चुनाव उठ्ने भए तयारीमा लाग्छ । नत्र आफ्नो अरु नै जिम्मेवारीमा फर्कन्छ ।

मेरो ठाउँ भने चुनावका बेला अपवाद छ । यहाँ चुनावले आतंक ल्याउँछ । अलि अघिसम्म त कुनै पार्टीको कार्यकर्ता हैन मतदाता भए मात्रै कुटाइ खाने अवस्था थियो । अहिले त्यो खालको उपद्रो त देखिन्न । तैपनि अझै पनि अनुपस्थित मानिसले मतदान गर्नु, मृत्यु भएका मानिसहरुले मत खसाल्नु ज्यादै सामान्य कुरा हो । गाउँका शिक्षित भनिएकाहरु नै यसलाई अधिकार भनेर अर्थ लगाउँछन् ।

केही ठाउँमा त मतदान स्थल पुग्नै पाउादैनन् मतदाता। यो राज्य संयन्त्रलाई भलिभााती जानकारी छ । यसमा पनि राज्य केही गर्दैन । किनभने भोट कसले हाल्यो, कसरी हाल्यो भन्ने मतलब छैन । उसलाई मतदान अधिकृतले मतपेटिका बुझाइदिए पुग्छ ।

मतदानमा उम्मेदवार मतदाताको मत माग्न भन्दा पनि बलिया पाखुरा हुने सामाजिक कार्यकर्ता जोहो गर्न लाग्छन् । चुनावमा खटिएको कर्मचारीले कतिबेला कुटाइ भेट्छ पत्तो हुन्न । स्वच्छ र भयमुक्त वातावरणमा चुनाव गराउन खटिएको सुरक्षाकर्मीले नै कुटाइ खाँदा पनि यो अपराध बन्दैन । उल्टै यस्तो कुरा भन्नेलाई नै आक्रमणको प्रयास हुन्छ, आफ्नो गाउँको इज्जत गयो भनेर ।

मेरोतिरबाट शहर बसाई सरेकाहरुले लोकप्रिय मतले चुनाव जित्छन् । गाउँमै बस्नेहरुले मतदानस्थल हेरेरै चित्त बुझाउनुपर्ने अवस्था छ । तपाईंको पार्टीको सभासद सोविता गौतमको परिवारको मतदान गर्ने स्थल दोलखाको कालापानी मावि जफे हो । यो ठाउँ चुनावमा रणमैदान भयो । त्यो पनि लोकतान्त्रिक व्यवस्थाका लागि रगत बगाएका नेताको अगुवाइमा । उनलाई यसो गर्न केले प्रेरित गर्‍यो ?

सोविता गौतम त्यहाँ आफैं भएको भए या मतदान नगरी फर्कन्थिन् वा भौतिक आक्रमणमा पर्थिन् । उनले आफ्नो ठाउँमा मतदान गर्न पाउँछिन् कैले ? यसका लागि चुनावमा हुने फर्जी मतदान रोक्ने कानुन बनाउनुस् । यत्ति गर्न सके धेरै ठाउँमा चुनाव स्वच्छ तथा निष्पक्ष हुनेछन् । तब मात्र तपाईंले कल्पना गरेको समाज बन्न सक्छ ।

मेरो जिल्लामा यसपटक मतपेटिकाको बिर्को नै फुटाइयो तैपनि पुनः निर्वाचनको आदेश भएन । त्यस्तो मतपेटिका पनि मिलाएर ल्याउनू भनेर माथिबाट आदेश भयो । पहिला २४ सय मत खसेको ठाउँमा पुनः रुमतदान गर्दा १४–१५ सय मत खसेन ।

पुनः मतदानमा पहिलाको भन्दा धेरै मानिस गाउँ आएका थिए । यस्तो भद्रगोल देख्दा पनि पुनः निर्वाचनको आदेश हुन हप्ता दिन कुर्नुपर्ने अवस्था राम्रो हो त ? हाम्रो जस्तै अवस्था भएको अर्को जिल्लामा निर्वाचन आयुक्तहरुले मतपेटिका बुझिसकेपछि पुनः मतदान गर्न हुँदैन भनेर टिप्पणी लेखे । यो जायज हो ?

मेरो जिल्लामा २०१५ सालको निर्वाचनदेखि नै भद्रगोल भएको छ । उक्त निर्वाचनमा मतदान स्थल नै हेरफेर गरिएको थियो । २०५१ सालमा त अर्धकट्टीहरु नै मतपेटिका भित्रै भेटिएका थिए ।

२०६४ सालमा आफ्नो गाउँमा मन्तव्य राख्न त्यसबेलाको प्रमुख दलका पोलिटब्यूरो सदस्यले पाएका थिएनन् । यस्ता भद्रगोलको चाङ लामो छ । यसमा अन्यायमा पर्ने जहिल्यै पुनः निर्वाचनका लागि मिहिनेत गर्छन् । निर्वाचन आयोगले सुनेन । अदालतले कार्यकाल सकिंदा पनि निर्णय दिएन ।

यसमा निर्वाचन आयोगलाई पनि धेरै के भन्नु र !

# हेल्लो त्रिवि, परीक्षाको नतिजा कहिले आउँछ ?



राधिका ढकाल

आदरणीय गुरुवर्ग, नमस्कार ! म त्रिभुवन विश्वविद्यालयको विद्यार्थी । मैले त्रिविबाट भोगेको समस्या भनौं वा अन्योलता, दुखेसो पोख्दै छु । झर्को नमानिदिनु होला है ।

म २०७४ साल मंसिर महिनामा त्रिभुवन विश्वविद्यालयअन्तर्गत पढाइ हुने कलेज कामना इन्टरनेशनलमा स्नातक तह पहिलो वर्षमा भर्ना भएँ ।

पढेको एक वर्षपछि प्रथम वर्षको परीक्षा भयो । त्यतीबेला खै के कारणले परीक्षा सर्यो मैले त्यति ख्याल गरिनँ । दोश्रो वर्षको कक्षा संचालन भएको दुई महिना पुग्नेबित्तिकै कोभिडको महामारी आयो, लकडाउन सुरु भयो ।

लकडाउनले गर्दा भोको पेट पाल्न मुस्किल अवस्थामा टियूले कक्षा संचालन गर्न सक्ने त अवस्था नै भएन, परीक्षा त परको कुरा ।

कोभिडको चार महिना लकडाउनपछि त्रिविले अनलाइन कक्षा संचालन गर्यो तर त्यो पनि त्यत्ति फलदायी हुन सकेन । लगभग एक, डेढ वर्षपछि कोभिड केही रुपमा सामान्य भएकोले लकडाउन खुकुलो भयो र दोस्रो वर्षको परीक्षा दिइयो ।

कहिले लकडाउन, कहिले निषेधाज्ञा भन्दै बन्द हुने खुल्ने क्रम जारी रहँदा रहँदै तीन वर्षे स्नातक तहको अन्तिम परीक्षा २०७८ फाल्गुन २४ गतेबाट सुरु भई चैत १६ गते सकियो ।

तीन वर्षे पाठ्यक्रम चार वर्षमा सकियो तर पाँचौं वर्षमा पुगिसक्दा पनि नतिजा भने आएन । कहिले परीक्षा भएन भन्ने चिन्ता, कहिले नतिजा कहिले आउला भन्ने चिन्ता !

गत साल चैतमा सकिएको परीक्षाको नतिजा एक वर्ष हुनलाग्दा समेत प्रकाशित भएको छैन । उल्टै त्रिभुवन विश्वविद्यालयले स्नातकको नतिजा ननिकाली स्नातकोत्तरको भर्ना फारम खुलाएको छ ।

अब स्नातकको नतिजा नआई स्नातकोत्तरको फर्म भर्न जाउँ भने बिना ट्रान्सक्रिप्ट भर्ना हुँदैन । कतै जागिर खान जाउँ, देखाउने सर्टिफिकेट हातमा छैन । विदेश जान डकुमेन्ट बनाउँ भने शैक्षिक योग्याताको प्रमाणपत्र हातमा परेको छैन ।

परीक्षा सकेर मास्टर गर्न विदेश नै जानुपर्ला भन्ने सोच बनाएर आइटिइएलटिएसको परीक्षा दिएा हतार–हतार गरी । तर त्रिविको नतिजा नआउँदा आइटिइएलटिएसको समयावधि नै सकिन लग्यो । साँच्चै नै त्रिविले घरको न घाटको जस्तो बनाइदिएको छ ।

यो मेरो मात्रै समस्या होइन, विश्वविद्यालयहरुमा उच्च शिक्षा हासिल गर्ने विद्यार्थीहरुको कुल संख्या चार लाख ६० हजार ८ सय २६ रहेको छ । यी सबैको समस्या एउटै हो, नतिजा प्रकाशन नहुनु ।

त्रिभुवन विश्वविद्यालयमा केही विषयमा सेमेस्टर प्रणाली लागु भए पनि अझ वार्षिक प्रणाली नै लागु भएका विषयहरू पनि छ । यसले गर्दा अझै पनि वार्षिक प्रणालीमै धेरै विद्यार्थी अध्ययन गरिरहेका छन् ।

विश्वविद्यालय अनुदान अयोगको तथ्यांकअनुसार नेलामा कुल १२ विश्वविद्यालय संचालित छन् । यसमध्ये त्रिभुवन विश्वविद्यालयले उच्च शिक्षाको ८० प्रतिशत विद्याथीको चाप बोकेको छ ।

संकायगत रुपमा हेर्ने हो भने सबैभन्दा बढी व्यवस्थापन संकायमा अध्ययनरत छन् । व्यवस्थापनमा ४६.२४ प्रतिशत, शिक्षामा २२.१८ प्रतिशत, मानविकीमा ७.९८ प्रतिशत, कानुन संकायमा २.२८ प्रतिशत, मेडिकलतर्फ ५.३८ प्रतिशत र इन्जिनियरिङतर्फ ५.५६ प्रतिशत विद्यार्थी अध्ययनरत छन् ।

८० प्रतिशत विद्यार्थीको समयमा नतिजा नआउँदा विद्यार्थीमा पर्ने असर, बेरोजगारी, यो सबैको ट्याग त्रिविलाई दिंदा फरक नपर्ला ।

कहिलेकाहीं कलेजको सरहरुसँग भेट हुन्छ, त्यहाँ पहिलो प्रश्न– 'सर, रिजल्ट कहिले आउँछ ?'

लगभग एक वर्षदेखि यसै प्रश्नमा अड्किनु परेको छ ।

सरको जवाफ– 'अब त आउनुपर्ने हो, आउला...।'

सामान्यतया परीक्षा सकिएको तीन महिनाभित्र नतिजा सार्वजनिक गर्नुपर्ने त्रिविको नियम छ तर त्रिभुवन विश्वविद्यालयले परीक्षा लिएको एक वर्ष पुगिसक्दा समेत नतिजा प्रकाशन नगर्दा मजस्ता कयौं विद्यार्थीहरु अत्यन्तै मर्कामा परेका छौं ।

विश्वविद्यालयको राजनीति खचाखच, ढिलासुस्ती, लापरबाहीले विश्वविद्यालय मात्रै होइन, त्रिविसँग जोडिएको लाखौं विद्यार्थीहरुको भविष्यमाथि नै खेलवाड गरिरहेको छ ।

स्नातकोत्तरको भर्ना फारम खुलाइसक्दा स्नातक तेस्रो वर्षको परीक्षाको नतिजा अहिलेसम्म सार्वजनिक भएको छैन । यस्तो अवस्थामा विद्यार्थीहरुको भविष्य कता जान्छ ?

पोहोर दिएको परीक्षाको नतिजा अझै सार्वजनिक भएको छैन । स्नाकोत्तर भर्नाको फार्म खुलिसक्यो । यदि कोही विद्यार्थी अनुत्तिर्ण भए भने कहिले फर्म भरेर परीक्षा दिने ? अनि स्नातकोत्तर पढ्ने तयारी कहिले गर्ने ?

यसको जवाफ कसले दिन्छ ? यसको जिम्मेवारी को हुन्छ ?

एकपटक मात्रै होइन, पटक–पटक दोहोरिरहने नतिजा सार्वजनिकको विषयमा विश्वविद्यालयले हेलचेक्राइा गरिरहेको छ । त्रिवि परीक्षा नियन्त्रण कार्यालय बल्खु भने सधैं रेडिमेड जवाफ मात्रै दिन्छ– 'प्रयाप्त जनशक्ति नभएको र विद्यार्थीको चाप धेरै भएकोले समयमा नतिजा प्रकाशन गर्न सकेका छैनौं ।'

यो उत्तर पनि एक दशकदेखि नियन्त्रण कार्यालयले यही जवाफ दिंदै आएको हो । त्रिविको यस्तो अवस्था देख्दा सोध्न मन लाग्छ– 'हेल्लो टियू, नैतिकता छ ?'

यदि छ नै भने अब नझुलाइदिनुस् है, नतिजा प्रकाशन गर्न । *(स्रोतः सेतोपाटी)*

# स्थापना दिवसमा संस्थापकलाई सम्मान



*संस्थापक सहकारी संस्थालाई सम्मानपछि सामूहित तस्वीर खिचाउँदै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडले स्थापना दिवसको अवसर पारेर संस्थापक सदस्य सहकारीलाई सम्मान गरेको छ । संघको १८ औं स्थापना दिवसको अवसरमा सोमबार संस्थापक प्रारम्भिक सहकारी संघलाई सम्मान गरेको हो ।

संस्थापक सहकारी संस्थाका प्रतिनिधिलाई प्रमाणपत्रसहित दोसल्ला ओढाएर सम्मान गरिएको हो । संघकी अध्यक्ष कल्पना श्रेष्ठको अध्यक्षता तथा बागमती प्रदेश सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव बलराम निरौलाको प्रमुख आतिथ्यमा सम्मान कार्यक्रम भएको हो । २०६२ साल पुस १८ गते १२ वटा महिला सहकारीको सक्रियता बचत संघको स्थापना गरिएको भएको थियो । ६० हजार रुपैयाँ सेयर पुँजीबाट सुरु गरी ७२ हजार रुपैयाँ बचत रकमबाट सुरु गरिएको थियो ।

संघमा हाल १ सय ३९ वटा बचत तथा ऋण सहकारी संस्था आवद्ध छन् । सदस्य संस्थामध्ये ४३ वटा सहकारी संस्था महिला मात्रै सहभागी छन् । मंसिर मसान्तसम्ममा १ सय ३९ वटा सदस्य सहकारी संस्था रहेको संघको सेयर पुँजी ४ करोड ४१ लाख रुपैयाँ, बचत ५५ करोड ३८ लाख रुपैयाँ पुगेको छ भने ऋण लगानी ३० करोड ७८ लाख रुपैयाँ रहेको छ । बचत संघमा आवद्ध सहकारी संस्थामा कुल १ लाख २२ हजार ९ सय १९ जना सदस्य रहेका छन् ।

स्थापना दिवसको अवसरमा सम्मानित हुनेमा हेटौंडा-१२ स्थित महिला सेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, हेटौंडा-१३ स्थित महिला मिलन बचत तथा ऋण सहकारी संस्था लिमिटेड, हेटौंडा-१५ स्थित जनचेतना बचत तथा ऋण सहकारी संस्था लिमिटेड र महिला जनशक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड छन् । मकवानपुरगढी गाउँपालिका-२ स्थित महिला समाज बचत तथा ऋण सहकारी संस्था लिमिटेड, मकवानपुरगढी-५ स्थित महिला कल्याण बचत तथा ऋण सहकारी संस्था लिमिटेड रहेको छ ।

यस्तै भीमफेदी गाउँपालिका-२ स्थित महिला एकता बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भीमफेदी-४ स्थित महिला अभियान बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भीमफेदी-६ स्थित महिला जागृति बचत तथा ऋण सहकारी संस्था, ईन्द्रसरोवर गाउँपालिका-१ स्थित सृजना महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड, ईन्द्रसरोवर-२ स्थित महिला समाज बचत तथा ऋण सहकारी संस्था लिमिटेड र थाहा नगरपालिका-११ स्थित महिला शक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई पनि सम्मान गरिएको छ ।

कार्यक्रममा बागमती प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायण प्रसाद देवकोटा, बागमती प्रदेश सहकारी संघ लिमिटेडकी संचालक मेनुका दहालको पनि उपस्थिति रहेको थियो ।

## गृहमन्त्रीज्यू...

**निर्वाचन (कसूर तथा सजाय) ऐन २०७३ ले माथि उल्लिखित कसूर गर्दा केही कसूरदारलाई थोरै नगद जरिवाना गराउने प्रावधान राखेको छ । मतदानमा खटिएको कर्मचारीले मतपेटिका मात्रै सुरक्षित बुझाउने ध्याउन्न राखेको हुँदा यो प्रावधानले काम गर्दै गरेको छैन ।**

**यस्ता कामकारबाहीलाई निरुत्साहित गर्ने हो भने पुनः निर्वाचन गराउनुको विकल्प छैन । यसमा हालको कानुन नै बाधक छ । यो कानुन परिवर्तन नगरी हाम्रा दलहरु सच्चिने छैनन् । यो ऐनको दफा १० ले एक अवस्थामा मात्र मतदान रद्द हुने व्यवस्था गरेको छ । त्यसमा पनि आयोगको आयुक्त, सचिव वा आयोगबाट अधिकार प्रदान गरिएको अन्य कुनै अधिकारीबाट जाँचबुझ गरेर मात्रै ।**

**जाँचबुझको प्रतिवेदनबाट निर्वाचनको कुनै काम स्वतन्त्र र निष्पक्ष नभएको कुरामा आयोग विश्वस्त भएमा त्यस्तो कुरा खुलाई त्यस्तो निर्वाचन क्षेत्रको निर्वाचन वा त्यस्तो निर्वाचन क्षेत्रको कुनै वा सबै मतदान केन्द्रको मतदानको काम रद्द गर्न सकिने कानुनी व्यवस्था छ ।**

**निर्वाचन कानुनमा भएको यो खुकुलो प्रावधानका कारण हाम्रा दलहरु जे पनि गर्न तयार भएका हुन् । औसतमा खसेको मतभन्दा बढी मत खसेको पाइए बढी खसेको मत सुरुमा नै निकाल्ने कानुन बनाउन सकिए दलहरुले यो उपद्रो गर्दैनन् । मतदान अधिकृत र सुरक्षामा खटिएका सुरक्षाकर्मीले प्रतिवेदन बुझाउने र सो प्रतिवेदन अनुसार काम हुने हो भने दलहरु सुरक्षाकर्मी नै कुटेर फर्जी मत हाल्न अगाडि सर्ने थिएनन् ।**

**तपाई आफैं चुनाव लड्दै गर्दा कत्तिको अनुभव गर्नुभयो ? चुनावको वर्तमान कानुनी व्यवस्था र यसमा दलहरुको रवैयाका कारण यो आम जनताबाट टाढा हुँदैछ । दलहरुले उम्मेदवार छान्दा जनताबीच लोकप्रिय रहेको आधारमा भन्दा पैसा खर्च गर्न सक्ने क्षमताको आधारमा चयन गर्ने अभ्यास बढेको छ ।**

**असन बजारमा भन्दा चर्को मोलमोलाई मतदानका लागि हुने गरेको छ । मतदाता र नेताबीच विश्वास पातलिँदैछ । अब त मतदाता पनि पैसा लिने स्पर्धामा देखिन्छन् । चुनावमा दलका कार्यकर्ताले सुरक्षाकर्मी र कर्मचारीमाथि हातपात गर्नु गर्वको विषय भएको छ । यो अपराध हो कि अधिकार छुट्टिन सकेको छैन ।**

**यो पत्र लोकतन्त्रको लडाईको सबैभन्दा पुरानो पार्टी कांग्रेसलाई लेख्न सकिन्थ्यो । त्यस पार्टीबाट भर्खरै प्रधानमन्त्री बन्छु भनेर दौडिएका युवा नेतालाई लेख्न पनि मनले मानेन । अहिलेको सत्ताको चावी लिएर बसेका एमाले पार्टी अध्यक्षलाई लेख्न पनि जाँगर चलेन । प्रधानमन्त्री तथा १० वर्ष लामो युद्धको नेतृत्व गर्नेलाई पनि यो पत्र लेखेर के नै होला र भन्ने लाग्यो ।**

**यसको सहायक कारणहरु अरु अरु भए पनि मुख्य कारण भने एउटै छ । त्यो हो उनीहरु आफैं वा आफ्नो पार्टीका नेता जित्दा फर्जी मतको अंक धेरथोर छ । उनीहरुलाई मृत्यु भइसकेका मानिसहरुले यहाँ उपस्थित भएर मतदान गरेका छन् ।**

**सात समु□ पार गरेर खाडीमा पसिना चुहाइरहेका श्रमिक यहाा आएर फुत्त मतदान गरेर फर्किएका छन्। चुनाव गराउन र त्यसको सुरक्षा गर्न खटिएका कर्मचारीहरूले पनि चुनावमा मत हालेका छन्। यसरी भएका भन्दा नभएका धेरैको मत पाएकाहरूले त्यो मत गलत भन्ने नैतिकता देखाउन नसक्लान् भन्ने मेरो विश्वास हो।**

**मेरो विश्वासमा यो पटक तपाई नेतृत्वको स्वतन्त्र पार्टीले भने त्यस्तो मत पक्कै पाएन। यसो हुनाले यो फर्जी मतदान गलत हो भन्न सक्ने एकमात्र सही व्यक्ति तपाई हो भन्ने लागेको छ। यसलाई गलत भन्ने व्यक्तिमा अझै चेत पलाएको छैन। यो अवस्था मेरोमा मात्र होइन, देशका धेरै भूभागमा छ। यसलाई कसले बदल्ने ? कहिले बदल्ने ? यस्तै अपराध काांधमा र खेर हिंडेको यो देशको लोकतन्त्र कतिन्जेल टिक्छ ?**

**नेपालका विभिन्न समयमा भएका परिवर्तनबारे पाका मानिसबाट सुनेको छु र पढेको पनि छु। माओवादी आन्दोलन धेरथोर भोगेको छु। अब म शासनव्यवस्था भन्दा नेतृत्वको नियत सफा भए अरु सबै ठीक हुन्छ भन्नेमा विश्वास गर्छु।**

**हामीले सबैभन्दा पहिला हाम्रो चुनावमा भएका केही कुरा नसुधार्ने हो भने हाम्रो चुनावमा कोही गह्रौं खल्ती नभएको मानिस नजिक नै नपर्ने अवस्था बनिरहेको छ। जनतामा मन जितेर भन्दा पनि बाहुबली व्यवस्था गरेर चुनाव जित्नुपर्ने अवस्थामा हाम्रो भविष्य के होला ? हामीले खोजेको अवस्था यही हो ? तपाईंको दलले यो काममा अग्रसरता लिनुपर्ने हैन र ?**

**हाम्रो चुनाव ज्यादै महागो बन्नुको कारण भनेको मतदातालाई मतदान गर्न नाम जहाा छ त्यहीं पुग्नुपर्छ। उम्मेदवार र दलहरूलाई गाडी तथा प्लेनमा मानिस नओसारी भएको छैन। स्थानीय चुनावमा एकजना वडाअध्यक्षले भारतका विभिन्न शहरमा समेत गाडी पठाएर मतदाता ओसार्नुपरेको थियो। यसलाई रोक्ने हो भने चुनावको खर्च पनि कम हुन्छ। रोक्नका लागि त्यत्रो ठूलो काम पनि गर्न पर्दैन म जहाा चाहन्छु त्यहीं मत हाल्न दिए पुग्छ। विदेशमा रहेका नेपालीलाई मतदान गर्न दिने कुरामा हामी बहस गर्न थालेका छौं। त्यहाा पुग्न सकिन्छ। पुग्नैपर्छ।**

**यसैगरी अब गाडीका गाडी मान्छे ओसार्ने भन्दा पनि उसको मतदानको अधिकार रक्षा गर्ने हो। जहाांबाट मतदान गर्न अनुकूल पर्छ, त्यहीं मत हाल्न दिने हो। निर्वाचन आयोगसाग मेरो विवरण मात्रै हैन, औंठाछाप पनि छ। यो गर्न नसकिने भनेको त नियतमा समस्या भएर मात्रै न हो।**

**अन्तिममा तपाईंको पार्टीबाट सभासद चुनिएकी सोविता गौतम राजनीतिमा युवाले ठाउा पाउछ भन्ने उदाहरण हुन्। उनको विजयले उनी जस्तै युवाहरू राजनीतिमा आकर्षित भएका छन्। उनीहरूलाई एजेण्डामा प्रष्ट हुनसके चुनाव जितिने र ै□छ भन्ने विश्वास पलाएको छ।**

**तर आ ै नै घरछेउको मतदान केन्□मा भने सोविता जस्तै अन्य धेरैले अझै मतदान गर्ने पाउादैनन्। यस्तो अवस्था हटाउन बरु गौतमलाई नै कानुन परिवर्तन गर्ने जिम्मेवारी दिनुस्। यो उनको अध्ययन र कामको क्षेत्र पनि हो।**

**कम्तीमा पनि चुनावमा हुने फर्जी मतदानलाई अपराध मानिने भयो भने त्यसले हाम्रो चुनावलाई निष्पक्ष बनाउन सक्छ। दलका नेता कार्यकर्ताले चुनावमा अराजक गतिविधि गरेको पाइए पुनः चुनाव हुने व्यवस्था गरौं। नागरिकलाई उसले चाहेको ठाउामा मतदान गर्न दिऔं। यसो गर्न सके हामीले पनि चुनाव लड्ने रहर पाल्न सक्थ्यौं। यसो गर्न सकिएला त गृहमन्त्रीज्यू ?** *(स्रोतः अनलाईनखबर)*


# मकवानपुर बाल विद्या सदन

हेटौंडा-१८, खड्कुले

## शिक्षक



कुशल खड्का

हरेक दिनरातको मिहिनेतले ज्ञान दिने सबैलाई
जति गुन तिरे पनि  अपुग हुने रहेछ
तपाईंलाई,
हरदिन के सिकाऊँ भन्दै रातभर सोच्ने,
यतिका विद्यार्थीको उत्तर सबै खोज्ने,
अभिभारा बोक्ने तपाईं हाम्रो उज्यालो बाटो हुनुभएको छ ।।

विद्यार्थीको गुनासो सबै सुन्ने,
असहजलाई सहजतामा बुन्ने
विद्यार्थीहरुकै खुसियालीमा भुल्ने
तिम्रो महानताको प्रसंशा यी शब्दहरुले पक्कै गर्न नसक्ला
तर, यी शब्दले बुझाउने भावभन्दा तिम्रो प्रतिष्ठा निकै महान छ ।।

नयाँ–नयाँ ज्ञान सिकाउन उत्सुक हुने,
प्रगतिका पाइलाहरुले शिखर छुने,
सही, गलत छुट्याउने राम्रो बाटो रोज्न,
सहयोग गर्ने नआएको विषयवस्तु खोज्न
लक्ष्य सधैं सफलता उन्मुख गराउने गुरु, गुरु नै हुन् ।।

*कक्षा–६*

## बुद्धिमानी मुसो

*लघुकथा*



प्रह्लाद घोरासैनी

एकादेशमा एउटा घना जंगल थियो । जंगलमा थुप्रै जनावरहरु बसोबास गर्ने गर्दथे । उनीहरु सिकारका लागि दैनिक जंगल निस्कन्थे ।

एकदिनको कुरा हो, जंगलबाट सबै जनावरहरु सिकार खेलेर फर्किसकेका थिए । साँझ पर्नै लागेको थियो । एउटा मुसो र सर्प अझै पनि सिकारकै खोजीमा थिए । दिनभरको थकानले अस्तव्यस्त शरीर बोकेर उनीहरु दुबै आफ्नो बासस्थानतर्फ लाग्दै थिए । अचानक मुसोले सर्पलाई देख्यो र ज्यान बचाउने उद्देश्यले मुसो भाग्यो । मुसोको गन्ध थाहा पाएपछि सर्पले मुसोलाई खाएर छाक टार्ने विचार गरेर पछिपछि दौडियो । मुसोले ज्यान बचाउनका लागि अनेक उपाय सोच्यो र सर्पसँग बिन्ती बिसायो । सर्प दाइ म तपाईलाई मजस्ता थुप्रै मुसाहरु लेराइदिन सक्छु, कृपया मलाई नखानुहोस् । सर्पले पनि एउटाको साटो थुप्रै मुसाहरु खान पाउने विचार गर्यो र मुसोलाई छोडिदियो । मुसो खुसी हुँदै भाग्यो र भन्यो, कठिन अवस्थामा सफल बन्नका लागि हिम्मत, बुद्धि र विवेकको प्रयोग गर्नुपर्दछ ।

सन्देशः– कठिन अवस्थामा नआत्तिएर अघि बढे सफल भइन्छ ।

*कक्षा–४*


### कृषि तथा पशुपक्षी विकासमन्त्री हुमागाईंको एक वर्षे कार्यकाल

# २५ नयाँ कार्यविधि निर्माण र ७ संशोधन

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारको कृषि तथा पशुपछी विकासमन्त्री बसुन्धरा हुमागाईंले आफ्नो कार्यकाल अवधिमा भएको प्रमुख कार्यक्रमहरु सार्वजनिक गर्नुभएको छ । सोमबार मन्त्रालयको सभाहलमा पत्रकार सम्मेलन गर्नुहुँदै मन्त्री हुमागाईंले आफ्नो कार्यकालमा सम्पादन भएका कार्यक्रमहरु सार्वजनिक गर्नुभएको हो ।

गठबन्धनको तर्फबाट २०७८ मंसिर २८ गतेदेखि बागमती प्रदेशको कृषि तथा पशुपक्षी विकास मन्त्रीको जिम्मेवारी सम्हाल्नुभएका मन्त्री हुमागाईंको कार्यकाल अवधिमा २५ नयाँ कार्यविधि निर्माण भएको छ भने ७ पुराना कार्यविधिहरुमा संशोधन गरिएको छ । मन्त्री हुमागाईंको कार्यकालमा भएका ३३ वटा प्रमुख कार्यक्रमहरु मन्त्रालयका प्रवक्ता झलकनाथ कँडेलले प्रस्तुत गर्नुभयो ।

कृषि क्षेत्रमा प्रवाह भइरहेको अनुदान कार्यलाई व्यवस्थित बनाउन बीउ पुँजी कोष कार्यक्रमको सुरुवात गरिएको मन्त्री हुमागाईंले आफ्नो प्रमुख कार्यक्रममा समावेश गर्नुभएको छ । उक्त कार्यक्रम कृषि विकास निर्देशनालय, पशुपछी तथा मत्स्य विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र तथा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुबाट आवेदन संकलन तथा मूल्यांकन भइरहेको जनाइएको छ ।

दूध उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन गर्न उत्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई निरन्तरता दिंदै प्रतिलिटर एक रुपैयाँ ६३ पैसाका दरले २ सय ६० सहकारी संस्थाका कृषकहरुलाई १५ करोड ९९ लाख ५२ हजार रकम उपलब्ध गराइएको छ । चालु आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रममा भएको व्यवस्थाबमोजिम प्रतिलिटर बढीमा ५ रुपैयाँका दरले कृषकहरुलाई बैंक खातामार्फत् सोझै भुक्तानी गर्ने गरी ३० करोड विनियोजन गरिएको मन्त्री हुमागाईंको प्रमुख उपलब्धीमा राखिएको छ ।

यस्तै, उत्पादनमा आधारित अनुदानको दायरा विस्तार गरी प्याज र लसुनको प्रवर्द्धनका लागि दश क्वीन्टलभन्दा बढी उत्पादन गर्ने किसानलाई प्रतिकिलो एक रुपैयाँका दरले प्रोत्साहन दिने व्यवस्था गरेको छ । मन्त्रालयको आफ्नो कार्यक्षेत्रभन्दा बाहिरका क्रियाकलापहरु जस्तैः सडक, सिंचाइजस्ता कार्यक्रम र स्थान विशेष क्रियाकलापहरु हटाइएको मन्त्रीको प्रमुख कार्यक्रममा छ । एमालेको सरकारको पालामा उक्त कार्यक्रम ल्याइएको थियो । सडक र सिंचाई बनाउने कार्य सडक डिभिजन कार्यालय र स्थानीय तहको भएको मन्त्री हुमागाईंले बताउनुभयो ।

कृषि, पशुपछी तथा मत्स्य क्षेत्रको व्यावसायिकरण, विकास र रोजगारी सृजना गरी समग्र अर्थतन्त्रलाई गतिशील र सुदृढ गर्न प्रदेश कृषि विकास अध्यादेशमा भएको व्यवस्थाबमोजिम किसान परिचयपत्र वितरण कार्यविधि, २०७९ स्वीकृत भई राजपत्रमा प्रकाशन भएको जनाइएको छ । यस्तै, प्रदेशलाई बीउमा आत्मनिर्भर बनाउन परियोजनाको रुपमा बीउ विजन आत्मनिर्भर कार्यक्रम सुरुवात गरिएको छ । हेटौंडामा पाउडर दूध प्लान्ट निर्माण कार्य ९५ प्रतिशत सम्पन्न भएको र चालु आर्थिक वर्षको अन्तिमसम्म सञ्चालनमा आउने जनाइएको छ ।

हेटौंडा उपमहानगरपालिकासँगको सहकार्यमा हेटौंडा–११ मा निर्माणाधीन प्रादेशिक कृषि थोक बजारको निर्माण कार्य ६० प्रतिशत सम्पन्न भएको मन्त्री हुमागाईंको प्रगति विवरणमा उल्लेख छ । प्रदेश बीउ विजन प्रयोगशाला हेटौंडालाई प्रदेशका कृषकहरुलाई बीउ उत्पादनमा प्रोत्साहन गर्न उत्पादनका आधारमा ४ सय ४६ मेट्रिक टन बीउका लागि प्रतिकेजी २० रुपैयाँका दरले ८९ लाख ३७ हजार रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराइएको जनाइएको छ । पोल्ट्री व्यवसायबाट मासु तथा अण्डाको उत्पादन, प्रशोधन, बजारीकरण एवम् रोजगारीका अवसर सृजना गरी आर्थिक समृद्धि हासिल गर्न सार्वजनिक, निजी, सहकारी क्षेत्रका बीच समन्वय र सहजीकरणका लागि 'प्रदेश पोल्ट्री विकास अध्यादेश' जारी हुने क्रममा रहेको जनाइएको छ ।

बागमती प्रदेशमा रासायनिक मल कारखाना स्थापना गर्ने सम्बन्धमा प्राविधिक परामर्श तथा छलफल कार्यक्रम आयोजना गरिएको मन्त्री हुमागाईंले आफ्नो कार्यकाल अवधिमा भएको प्रमुख कार्यक्रममा राख्नुभएको छ । मन्त्री हुमागाईंले आफू अब पदबाट केही दिनमै हट्नुपर्ने बताउनु हुँदै नयाँ बन्ने मन्त्रीले अहिलेको सकारात्मक नीति नियमहरुलाई कार्यान्वयन गर्न आग्रह गर्नुभएको छ ।

